National Nepali News

19.06.2026

---

## यो आकाशवाणी गान्तोक हो

### *शाह - औंठाछाप*

केन्द्रीय गृहमन्त्री अमित शाहले आज देशका प्रत्येक नागरिकलाई संविधानले दिएको अधिकार प्राप्त गर्न फौजदारी न्याय प्रणालीलाई उपयुक्त माध्यम बनाउने समय आएको बताए। नयाँ दिल्लीमा 26औं अखिल भारतीय फिंगरप्रिंट सम्मेलन-2026 लाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, देशको यो प्रणाली रूपान्तरणको चरणबाट गुज्रिरहेको छ र समकालीन आवश्यकताहरू पूरा गर्न व्यवस्थित रूपमा अद्यावधिक गरिएको छ। राष्ट्रिय स्वचालित औंलाको छाप अथवा fingerprint पहिचान प्रणाली- NAFIS को बारेमा कुरा गर्दै, श्री शाहले भन्नुभयो, यस्ता धेरै मामिलाहरु छन् जहाँ यो प्रणालीले सबैभन्दा जटिल मुद्दाहरूलाई पनि सरल बनाउन ठूलो मद्दत गरेको छ। उहाँले जांच र अभियोजनदेखि अंतिम दोषसिद्धिसम्मको कानुनी प्रक्रियाको हरेक चरणमा प्रविधिलाई प्रभावकारी रूपमा एकीकृत गर्ने आवश्यकतामा जोड दिनुभयो।

---

### *राष्ट्रपति - सिकल सेल दिवस*

राष्ट्रपति द्रौपदी मुर्मुले भारतले आफ्नो राष्ट्रिय लक्ष्य वर्ष 2047 भन्दा धेरै अगाडि नै सिकल सेल रोग उन्मूलन गर्ने विश्वास व्यक्त गर्नुभएको छ। उहाँले विशेष गरी आदिवासी समुदायहरूमाझ, आनुवंशिक रक्त विकारबारे जागरूकता जगाउन ठोस प्रयासहरूको लागि आह्वान गर्नुभएको छ। राष्ट्रपतिले आज विश्व सिकल सेल दिवसको अवसरमा मध्य प्रदेशको ओंकारेश्वरमा आयोजित राज्यस्तरीय कार्यक्रमलाई सम्बोधन गर्नुभयो। यस अवसरमा राज्यपाल मंगुभाई पटेल र मुख्यमन्त्री मोहन यादव पनि उपस्थित थिए। राष्ट्रपति मुर्मुले सबै राज्य सरकारहरू र अधिकारीहरूलाई यो रोगलाई हल्का रूपमा नलिन अपील गर्नुभयो किनभने यो एक पुस्ताबाट अर्को पुस्तामा सर्छ। उहाँले भन्नुभयो, उपचार सम्भव भएकोले यसलाई पूर्ण रूपमा उन्मूलन गर्न प्रयास गरिनुपर्छ।

कार्यक्रमको क्रममा, राष्ट्रपति मुर्मुले राष्ट्रिय सिकल सेल एनीमिया उन्मूलन मिसन-2047 अन्तर्गत स्थापित विशेष प्रदर्शनीको भ्रमण गर्नुभयो। प्रदर्शनीमा सिकल सेल रोगको रोकथाम, निदान र उपचारसँग सम्बन्धित विभिन्न पहलहरू प्रदर्शन गरिएको थियो।

---

*मकाउ ओपन - ब्याडमिन्टन*

ब्याडमिन्टनमा, भारतकी अश्मिता चालिहाले आज चीनमा जारी मकाउ ओपनको महिला SINGLES सेमिफाइनलमा प्रवेश गरिन्। अश्मिताले क्वार्टरफाइनलमा दक्षिण कोरियाकी किम मिन सुनलाई 21-16, 21-18 ले पराजित गर्दै अन्तिम चारमा स्थान सुरक्षित गरिन्। उनले भोलि हुने सेमिफाइनलमा दक्षिण कोरियाकी Park Ga-eun सँग प्रतिस्पर्धा गर्नेछिन्।

---

*प्रधानमन्त्री-ओडिशा- पश्चिम बंगाल भ्रमण*

प्रधानमन्त्री नरेन्द्र मोदी भोलि ओडिशा र पश्चिम बंगालको भ्रमणमा हुनुहुनेछ। राष्ट्रपति द्रौपदी मुर्मु पनि ओडिशाको एक दिने भ्रमणमा प्रधानमन्त्रीसँगै सामेल हुनुहुनेछ ।

राष्ट्रपति र प्रधानमन्त्रीले मयूरभञ्ज जिल्लाको पहाडपुर गाउँको भ्रमण गर्नुहुनेछ र पवित्र उपवन सन्थाली जहेरा हैं हो जहेरा, सीप केन्द्र र पहाडपुर स्कूलमा पूजा-अर्चना गर्नुहुनेछ । पछि, उनीहरू ओडिशा सरकारको दुई वर्ष पूरा भएको उपलक्ष्यमा मयूरभञ्ज जिल्लाको रायरांगपुर आयोजित कार्यक्रममा भाग लिनेछन् ।

कार्यक्रमको क्रममा, उनीहरूले 47 हजार करोड रुपैयाँभन्दा बढी मूल्यका विभिन्न विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ। यी परियोजनाहरू ऊर्जा, औद्योगिक पूर्वाधार, सडक सम्पर्क, पिउने पानी, स्वास्थ्य, शिक्षा, पर्यटन र सिँचाइ लगायतका प्रमुख क्षेत्रहरूसंग समबन्धित छन्।

पश्चिम बंगालको आफ्नो दुई दिने भ्रमणको क्रममा, श्री मोदी भोलि हुगली जिल्लाको तारकेश्वरमा पश्चिम बंगाल दिवस समारोहमा भाग लिनुहुनेछ ।

उहाँले पश्चिम बंगालमा धेरै विकास परियोजनाहरूको शुभारंभ गर्दै राष्ट्रलाई समर्पित र शिलान्यास गर्ने कार्यक्रम पनि छ। श्री मोदीले प्रधानमन्त्री किसान सम्मान निधि को 23औं किस्ता जारी गर्नुहुनेछ। यस किस्ता अन्तर्गत, देशभरका 94 करोडभन्दा बढी किसानहरूको बैंक खातामा 18 हजार 880 करोड रुपैयाँभन्दा बढी राशि सिधै हस्तांतरित गरिनेछ। यसबाहेक, उहाँले पश्चिम बंगालमा धेरै प्रमुख केन्द्रीय कृषि योजनाहरू लागू गर्नुहुनेछ।

आइतबार, प्रधानमन्त्री बिहान 6:30 बजे कोलकातामा 12औं अन्तर्राष्ट्रिय योग दिवस समारोहमा भाग लिनुहुनेछ। पछि, श्री मोदीले कोलकाताको श्यामाप्रसाद मुखर्जी बन्दरगाहमा तीन स्वदेशी रुपले डिजाइन र निर्मित नौसेना जहाजहरू - आईएनएस दुनागिरी, आईएनएस संशोधक र आईएनएस अग्रयको शुभारम्भ गर्नुहुनेछ ।

---

*__प्रधानमन्त्री विकसित भारत रोजगार योजना__*

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा आयोजित एक कार्यक्रममा प्रधानमन्त्री विकसित भारत रोजगार योजना (PM-VBRY) अन्तर्गत दुई हजार 4 सय करोड रुपैयाँ बराबरको प्रोत्साहन रकम वितरण गर्नुभयो। यो रकम PM-VBRY को कार्यान्वयनमा एक महत्वपूर्ण कोशेढुङ्गा हो, जुन सरकारको प्रमुख रोजगार-सम्बन्धित प्रोत्साहन योजना हो जसको उद्देश्य रोजगारी सिर्जनालाई तीव्र पार्नु, रोजगारी बढाउनु र क्षेत्रहरूमा सामाजिक सुरक्षा कभरेज विस्तार गर्नु हो। प्रोत्साहनले देशभर 15 लाख रोजगारीका अवसरहरू सिर्जना गर्न सहयोग गरेको छ।

यस अवसरमा बोल्दै प्रधानमन्त्रीले 21 औं शताब्दीमा, अवसरहरू ती राष्ट्रहरूमा हुनेछन् जसले दक्ष प्रतिभालाई पोषण गर्छन्, नवप्रवर्तनलाई बढावा दिन्छन् र गुणस्तरको उच्चतम मापदण्ड कायम राख्छन् भन्नुभयो। श्री मोदीले भन्नुभयो भारतका युवाहरू आगामी वर्षहरूमा विश्वव्यापी वृद्धि, नवप्रवर्तन र उद्यमशीलतालाई अगाडि बढाउन अग्रपंक्तिमा हुनेछन्। Byte PM, (34) दुनिया

यस योजना अन्तर्गत हालसम्म लगभग 70 लाख रोजगारी सिर्जना भएको कुरा श्री मोदीले भन्नुभयो। उहाँले थपें कि लगभग 20 लाख युवाहरूले आफ्नो नयाँ जागिरेमा छ महिना पूरा गरिसकेका छन् र तीमध्ये 10 लाखले यस योजनाको लाभार्थीको रूपमा प्रोत्साहन प्राप्त गरिसकेका छन्। प्रधानमन्त्रीले लगभग 2000 करोड रुपैयाँ सिधै उनीहरूको खातामा जम्मा भइसकेको छ भन्नुभयो।

---

## *नागपुर – राजनाथ सिंह*

केन्द्रीय रक्षामन्त्री राजनाथ सिंहले आज भन्नुभयो, भारतको घरेलु रक्षा उत्पादन 2014 मा 46 हजार करोड रुपैयाँबाट बढेर गत आर्थिक वर्षमा 1 लाख 78 हजार करोड रुपैयाँभन्दा बढी पुगेको छ। श्री सिंहले भन्नुभयो 2014 अघि केवल 1 हजार करोड रुपैयाँमा दर्ता भएको रक्षा निर्यात स्वदेशी रूपमा निर्मित भारतीय रक्षा उपकरणहरूको बढ्दो विश्वव्यापी मागका कारण श्री सिंह आज दिउँसो नागपुरको अंबाझरी स्थित यंत्र इंडिया लिमिटेडको अर्डनेन्स कारखानामा अत्याधुनिक 10 हजार टन क्षमताको एल्युमिनियम Extrusion प्रेसको शिलान्यासपछि बोल्दै हुनुहुन्थ्यो। महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीस र रक्षा उत्पादन विभागका सचिव सञ्जीव कुमार यस अवसरमा उपस्थित थिए।

---

## *प्रधानमन्त्री - दुई देशको भ्रमण*

प्रधानमन्त्री नरेन्द्र मोदीले फ्रान्स र स्लोभाकियाको आफ्नो दुई देशको सफल भ्रमण सम्पन्न गर्नुभएको छ। फ्रान्सको भ्रमणको क्रममा प्रधानमन्त्रीले एवियोंमा भएको G7 शिखर सम्मेलनमा भाग लिनुभयो। श्री मोदीले अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प, जर्मन चान्सलर फ्रेडरिक मर्ज, ब्रिटिश प्रधानमन्त्री कीर स्टारमर र संयुक्त अरब इमिरेट्सका राष्ट्रपति शेख मोहम्मद बिन जायद अल नाह्यान लगायतसँग द्विपक्षीय वार्तामा पनि भाग लिनुभयो । यसअघि, श्री मोदीले फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनसँग मिलेर फ्रान्सको नाइसमा 'भारत इनोभेट्स' कार्यक्रमको संयुक्त रूपमा उद्घाटन गर्नुभयो, जसले भारत, फ्रान्स र अन्य देशका अग्रणी स्टार्टअपहरू, नवप्रवर्तकहरू र उद्यम पूँजी कोषहरूलाई एकसाथ ल्याएको थियो।

स्लोभाकियाको भ्रमणको क्रममा, श्री मोदीले ब्राटिस्लावाको राष्ट्रपति भवनमा स्लोवाकिया गणराज्यका राष्ट्रपति पिटर पेलेग्रिनीसँग भेट गर्नुभयो ।

---

## *फिफा विश्वकप*

फिफा विश्वकप 2026 मा, सह-आयोजक अमेरिकाले आज राति वाशिंगटनको सियाटल स्टेडियममा समूह डी मा अष्ट्रेलियासँग खेल्नेछ। खेल भारतीय समय अनुसार बिहान 12:30 बजे सुरु हुने निर्धारितछ। दुवै टोलीले आफ्नो सुरुवाती खेल जितेका छन्।

---